नेपाल सरकार

गृह मन्त्रालय

## राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण

SitRep #८०

२४ भदौ २०७७

| २०७७ बैशाख १ देखि भदौ २३ गते सम्मका विपद्का मुख्य घट्नाहरुको विवरण | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| पहिरो | | | बाढी | | | चट्याङ्ग | | | कुल जम्मा | | |
| मृत्यु | बेपत्ता | घाइते | मृत्यु | बेपत्ता | घाइते | मृत्यु | बेपत्ता | घाइते | मृत्यु | बेपत्ता | घाइते |
| २५० | ४९ | १९१ | ३५ | ४० | ११ | ५७ | ० | १९५ | **३४२** | **८९** | **३९७** |
| **२०७७ जेठ ३० मनसुन सुरु भएदेखि भदौ २३ गते सम्मका विपद्का मुख्य घट्नाहरुको विवरण** | | | | | | | | | | | |
| पहिरो | | | बाढी | | | चट्याङ्ग | | | कुल जम्मा | | |
| मृत्यु | बेपत्ता | घाइते | मृत्यु | बेपत्ता | घाइते | मृत्यु | बेपत्ता | घाइते | मृत्यु | बेपत्ता | घाइते |
| २४८ | ४९ | १९० | ३२ | ३९ | ९ | २७ | ० | ७६ | **३०७** | **८८** | **२७५** |
| **२०७७भदौ २३ देखि २४ गते विहान १० बजेसम्म मृत्यु भएकाहरुको विस्तृत विवरण** | | | | | | | | | | | |
| पहिरो | | | बाढी | | | चट्याङ्ग | | | कुल जम्मा | | |
| पहिचान हुन बाँकि | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा | पहिचान हुन बाँकि | पुरुष | जम्मा |
| २ | | **२** | ० | ० | **०** | ० | ० | **०** | २ | ० | **२** |

# दैनिक विपद् बुलेटिन

२३ भदौ विहान१०:००बजेदेखि २४ भदौ बिहान१०:००बजेसम्म

**नेपाल**मा विभिन्न जिल्लामा गरी **३** स्थानमा **पहिरो, २** स्थानमा **जनावर आक्रमण, २** स्थानमा **आगलागी, १** स्थानमा **चट्याङ्ग, १** स्थानमा **बाढी**का घटना घटेका छन् । यी घटनामा परेर **२** जनाको **मृत्यु, ५** जना **घाईते** भएका छन् । आगलागीका कारण **६ लाख ८० हजार रुपैंया** बराबरको धनमाल क्षति भएको

| मृत्यु संख्या | हराएको | घटना संख्या | घाइते | अनुमानित क्षति रु | सडक अवरोध | चौपाया क्षति |
|---|---|---|---|---|---|---|
| २ | ० | ९ | ५ | ६,८०,००० | ० | २ |

## घट्ना सारांश

- **मुलुकभर** गएको २४ घण्टामा विपद्का **९** वटा घट्ना भएका छन् ।
- **बाग्लुङ**को थप अपडेट मिति २०७७।०५।१8 गते ढोरपाटन नगरपालिका वडा नं ९ भुसुण्डे, दुनेपोखरा, लाकुरीबोट स्थित अबिरल बर्षाको कारण **पहिरो** गई अन्दाजी 93 घर बगाउँदा बेपत्ता भएका **२ जनाको शव फेला । हालसम्म १८ जनाको मृत्यु, २० जना बेपत्ता, ४ जना घाईते ।** नामावली सहितको बिवरण आउन बाँकी । (घर- 93 क्षति, मृतक र बेपत्ताको संख्या थपघट हुन सक्ने)
- **चितवन**को भरतपुर महानगरपालिका वडा नं २८ सालबासस्थित खेतमा काम गर्ने क्रममा **जंगली बदेलले अचानक आक्रमण** गर्दा **१ जना घाईते ।**

## घट्ना सारांश...

- **अछाम**को मंगलसेन नगरपालिका वडा नं १ ढुङ्गानीस्थित घर नजिकै रहेको मकै वारीको छेउमा बाख्रा चराउने क्रममा **जंगली भालुले चिथोरी १ जना घाईते** ।
- **तनहुँ**को ब्यास नगरपालिका वडा नं ६ स्याम्घास्थित एक घरमा **चट्याङ्ग** पर्दा घरको गाह्रो भत्किई **३ जना घाईते** ।
- **संखुवासभा**को पाचखपन नगरपालिका वडा नं ९ डाहाढेस्थित एक घर माथिबाट **पहिरो** आई घरको एक टाटी भत्किई नजिकैको सुँगुरको खोर बगाई १ वटा सुँगुरको मृत्यु हुँदा **१ लाख १० हजार रुपैंया** बराबरको क्षति ।
- **झापा**को शिवसताक्षि नगरपालिका वडा नं १० नुनमाटी खोलाको छेउमा रहेको बस्तीमा **बाढी** पसी २ वटा घरमा अन्नपात, लत्ताकपडा, भाडावर्तन गरी **१ लाख ५० हजार रुपैंया** बराबरको क्षति ।
- **दोलखा**को कालिञ्चोक गाउँपालिका वडा नं ५ लापिलाङ्स्थित काँडाबारी टोलमा **पहिरो** आई ३ वटा घर पूर्ण क्षति र ३ वटा घर आंशिक क्षति । थप विवरण आउन बाँकि ।
- **मकवानपुर**को भिमफेदी गाउँपालिका वडा नं १ नयाँगाउस्थित एक घरमा अचानक **आगलागी** हुँदा घर सहित ५ वटा कुखुरा, भाडावर्तन र नगद समेत गरी **४ लाख २० हजार रुपैंया** बराबरको क्षति ।
- **कास्की**को पोखरा महानगरपालिका वडा नं ३१ बिरौटो पोखरीस्थित एक गोठ माथिबाट **पहिरो** आई गोठ पुरिंदा १ वटा गाईको बाच्छाको मृत्यु ।
- **ललितपुर**को ललितपुर महानगरपालिका वडा नं २५ भैंसेपाटीस्थित जनोदय स्कुल नजिक पार्किङ गरि राखेको बा ७७ प ५०९० नं.को ऐभेन्जर मोटरसाइकलमा एक्कासी **आगलागी** हुँदा मोटरसाइकल पुर्ण रुपमा जलि नष्ट ।


## प्रतिकार्य

- सुरक्षा निकायको टोलीबाट चट्याङ्ग र जंगली जनावरको आक्रमणमा परी घाईते भएकाको उद्धार गरी नजिकैको स्वास्थ्य उपचार केन्द्रमा पुर्याइएको, स्थानीयको सहयोगमा आगलागी नियन्त्रणमा लिइएको ।

## वर्षाको सारांश

भदौ २३ गते बिहान ०८:४५ बजे देखि भदौ २४ गते ०८:४५ बजे सम्म

आज मिति २०७७/०५/२४ गते बिहान ०८:४५ बजे १८९ वटा वर्षा मापन केन्द्रहरु (मानब संचालितः ५५ र स्वचालितः १३४) मा मापन गरिएको वर्षाको विवरण अनुसार १३१ वटा केन्द्रहरुमा वर्षा भएको छ (चित्र १) । उक्त केन्द्रहरु मध्ये सबैभन्दा बढी वर्षा (१२३मि. मी.) परासी जिल्लाको सेमारी केन्द्रमा मापन गरिएको छ । वर्षा मापन भएका केन्द्रहरु मध्ये १ वटा केन्द्रमा १०० मि. मी. भन्दा बढी, १७ वटा केन्द्रमा ५० मि. मी. भन्दा बढी, ३४ वटा केन्द्रमा २५ मि. मी. भन्दा बढी र ५८ वटा केन्द्रमा १० मि. मी. भन्दा बढी वर्षा मापन भएको छ ।




चित्र १: दैनिक वर्षा(छायांकित रंग) तथा केन्द्रको अवस्थिती (गोलाकार संकेत)

**वर्षा तथा जलवायु सम्बन्धि थप जानकारीको लागि www.dhm.gov.np/climate/मा हेर्नुहोस।**

**बाढी पूर्वानुमान,**

**भदौ-२४ (बुधबार) (विहान ७ बजे देखि २४ घण्टा)**

- **आज कर्णाली, महाकाली र यसका सहायक नदीमा बहाव सामान्य घटबढ हुने, कोशी, नारायणी र यसका सहायक नदीमा बहाब बढ्दो हुने तथा सवैमा बहाव सतर्कता भन्दा तलै हुने पूर्वानुमान छ।कोशी र नारायणी जलाधारका केही स-साना सहायक नदीमा बहाब बढ्ने र केहीमा सतर्कता तह आसपास पुग्न सक्ने पूर्वानुमान छ ।**
- **आज पश्चिम राप्ती, बबई र यसका सहायक नदीमा बहाब सामान्य बढ्ने तथा सबैमा बहाब सतर्कता भन्दा तलै हुने पूर्वानुमान छ । आज कन्काई, कमला, बागमती, तिनाउका स-साना नदी जलाधारमा बहाब बढ्ने र केहीमा आकस्मिक बहाब हुन सक्ने पूर्वानुमान छ ।**
- **आज ईलाम, झापा, मोरङ, सुनसरी, पाँचथर, ताप्लेजुङ,धनकुटा, संखुवासभा, उदयपुर, भोजपुर, खोटाङ, ओखलढुङ्गा, सप्तरी, सिराहा, धनुषा, बारा, पर्सा, रौतहट, सर्लाही, सिन्धुली, दोलखा, रामेछाप, सिन्धुपाल्चोक, काभ्रेपलाञ्चोक, काठमाडौं उपत्यका, नुवाकोट, धादिङ, मकवानपुर, चितवन, गोरखा, लमजुङ, कास्की, तनहुँ, पर्बत, म्याग्दी, बागलुङ, स्याङ्जा, नवलपरासी, रुपन्देही, पाल्पा, कपिलबस्तु, अर्घाखाँची, दाङ, बाँके, सुर्खेत, अछाम, कालिकोट, दैलेखर आसपास जिल्ला भई बहने केही स-साना नदी जलाधारमा क्षणिक मध्यम/भारी बर्षा भई स-साना नदीमा बहाब केही बढ्ने र केहीमा आकस्मिक बहाब( Flash Flood) भई सतर्कता आसपास पुग्न सक्ने पूर्वानुमान छ ।**

**नोट:पहेलो रङलेमध्यम जोखिम रहेको संकेत गर्छ ।रातो रङले उच्च जोखिमको संकेत गर्छ ।**

**थप जानकारीका लागि जल तथा मौसम विज्ञान विभागको वेभसाइटः http://hydrology.gov.np/**